रामग्राम नगर कार्यपालिकाको कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

# आशयपत्र माग गर्ने सम्बन्धी सूचना

सार्वजनिक खरिद नियमावली, २०६४ आठौ संशोधनको दफा ७० सँग सम्बन्धित)

**प्रथम पटक प्रकाशित मिति: २०७६।०६।०९**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा सुरक्षित बैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्न तथा रामग्राम नगरपालिका, सुनवल नगरपालिका, बर्दघाट नगरपालिका, प्रतापपुर गाउँपालिका, सरावल गाउँपालिका, पाल्हिनन्दन गाउँपालिका र सुस्ता गाउँपालिकामा सचेतिकरण कार्यक्रमहरु, मनोसामाजिक परामर्श सेवा र वित्तीय साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन परियोजना **(Safer Migration Project)** का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित नियमानुसार सुची दर्ताका लागि राष्ट्रियस्तरका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धि आशयपत्र आह्वान **(Expression of Interest)** गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको एक्काईस (२१) दिन भित्रमा तर अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयमा रामग्राम नगर कार्यपालिकाको कार्यालय, परासी नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)मा आईपुग्ने गरि निर्धारित ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सूचीकरणको आधार एवं अन्य थप आवश्यक जानकारीहरु रामग्राम नगर कार्यपालिकाको कार्यालयको वेभसाईट http://ramgrammun.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।

१। **आशयपत्र दाताको योग्यता:**

(क) अनुभव: कम्तिमा सात वर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको हुनु पर्नेछ र विगत सात बर्षसम्म सम्पन्न गरेको कामको प्रमाणित हुने अभिलेख पेश गर्नु पर्ने छ ।

२। दर्ता तथा नविकरण प्रमाण पत्र, मुल्य अभिबृद्धि कर **(VAT)** दर्ता प्रमाण पत्र र आ.व.२०७४।०७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

३। परियोजना अवधि वढीमा तीन बर्षको हुनेछ ।

४। प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको बैयक्तिक विवरण पेश गर्नु पर्ने छ ।

५। संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धि प्रस्ताव माग गरिने छ ।

६। आशयपत्र दाताले आशय पत्र साथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

७। आशय पत्र पेश गर्ने स्थान: रामग्राम नगर कार्यपालिकाको कार्यालय, परासी नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ।

८। आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ, उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारबाही गरिने छैन ।

९। सुरक्षित आप्रवासन सम्बन्धि परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

१०। यो सेवा प्रदान गर्नको लागि कुनै पनि ब्यक्ति वा संस्थासँग उप-सम्झौता **(Sub-contract)** गर्न पाईने छैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालसँग उपसम्झौता गर्न यो बुँदाले बाधा पुऱ्याउने छैन ।

**आवश्यक थप जानकारीका लागि सम्पर्क ठेगाना र सम्पर्क ब्यक्ति:** रामग्राम नगर कार्यपालिकाको कार्यालय, परासी नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सम्पर्क ब्यक्ति: राजन श्रीवास्तव, सम्पर्क नम्बर :०७८-५२०१९३, ५२०२५४, ५२०२७६

प्रमुख प्रशासकीय अधिकृत